# कर्मचारी आवश्यकता

प्रथम पटक प्रकाशित मिति २०७३ मंसीर १० गते

नेपाल रेडक्रस सोसाइटीद्वारा सिन्धुपाल्चोक जिल्लामा सञ्चालन भइरहेको भुकम्प प्रतिकार्य कार्यक्रमको लागि विशेष करारमा कर्मचारीहरुको पदपूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा निवेदन र अद्यावधिक गरिएको व्यक्तिगत विवरण jobsatnrcssindhu@gmail.com मा पठाउन अनुरोध गरिन्छ ।

| | | | |
|---|---|---|---|
| **विज्ञापन नं. १/०७३/७४** | **पदः** जुनियर इन्जिनियर (ओभरसियर) | **संख्याः** १६ | **उमेरः** १८ बर्ष पुरा भै ४५ वर्ष ननाघेको |
| **परीक्षाको किसिम** | लिखित, प्रयोगात्मक र अन्तरवार्ता | | |
| **न्यूनतम शैक्षिक योग्यता** | सिभिल इञ्जिनियरिङ्ग बिषयमा डिप्लोमा उत्तिर्ण | | |
| **वान्छनीय योग्यता तथा अनुभव** | खानेपानी योजना, सुरक्षित आवास निर्माण र सिंचाइ कूलो सम्वन्धि कम्तिमा २ बर्षको कार्य अनुभव भएको, अटोक्याटमा खानेपानी योजना, भवन, शौचालय आदिको डिजाइन गर्न सक्ने, कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान तथा सीप भएको, भुकम्प प्रतिरोधी घर निर्माण सम्वन्धि ज्ञान भएको र अङ्ग्रेजी भाषामा सामान्य संचार गर्न सक्ने । | | |
| **विज्ञापन नं. २/०७३/७४** | **पदः** जुनियर प्राविधिक सहायक (जेटिए) | **संख्याः** २ | **उमेरः** १८ बर्ष पुरा भै ४५ वर्ष ननाघेको |
| **परीक्षाको किसिम** | लिखित, प्रयोगात्मक र अन्तरवार्ता | | |
| **न्यूनतम शैक्षिक योग्यता** | कृषि विज्ञानमा प्राविणता प्रमाणपत्र तह उत्तिर्ण | | |
| **वान्छनीय योग्यता तथा अनुभव** | पशुपंक्षी पालन व्यवसाय, कृषि तथा तरकारी खेती सम्वन्धि कम्तिमा २ बर्षको कार्य अनुभव भएको, पशुपालन, कृषि तथा तरकारी खेती प्रवर्द्धनकालागि कृषकहरुको क्षमता विकास गर्न सक्ने, कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान तथा सीप भएको र अङ्ग्रेजी भाषामा सामान्य संचार गर्न सक्ने । | | |
| **विज्ञापन नं. ३/०७३/७४** | **पदः** स्वास्थ्य सुपरभाइजर | **संख्याः** ५ | **उमेरः** १८ बर्ष पुरा भै ३५ वर्ष ननाघेको |
| **परीक्षाको किसिम** | लिखित, प्रयोगात्मक र अन्तरवार्ता | | |
| **न्यूनतम शैक्षिक योग्यता** | नेपाल सरकारबाट मान्यता प्राप्त संस्थाहरुबाट स्वास्थ्य सहायक (एचए) उर्त्तीण वा सीएमए उर्त्तीण गरी स्वास्थ्य मुख्य विषय लिइ प्राविणता प्रमाणपत्र तह उत्तिर्ण, पब्लिक हेल्थमा स्नातक उर्त्तीणलाई प्राथमिकता | | |
| **वान्छनीय योग्यता तथा अनुभव** | एचएका लागि नेपाल सरकारका स्वास्थ्य संस्थाहरु, रेडक्रस वा अन्य निकायका सामुदायिक स्वास्थ्य सम्बन्धी परियोजनहरुमा काम गरेको कम्तिमा १ बर्षको कार्य अनुभव भएको, सीएमएका लागि नेपाल सरकारका स्वास्थ्य संस्थाहरु, रेडक्रस वा अन्य निकायका सामुदायिक स्वास्थ्य सम्बन्धी परियोजनहरुमा काम गरेको कम्तिमा २ बर्षको कार्य अनुभव भएको, स्वास्थ्य संस्थाहरुको योजना तर्जुमा, क्षमता विकास र प्रेषण सेवा सुदृढीकरणमा काम गरेको अनुभव भएको, कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान तथा सीप भएको, अङ्ग्रेजी भाषामा सामान्य संचार गर्न सक्ने । | | |
| **विज्ञापन नं. ४/०७३/७४** | **पदः** असिस्टेन्ट सब इन्जिनियर (सब ओभरसियर) | **संख्याः** ३९ | **उमेरः** १८ बर्ष पुरा भै ४५ वर्ष ननाघेको |
| **परीक्षाको किसिम** | लिखित, प्रयोगात्मक र अन्तरवार्ता | | |
| **न्यूनतम शैक्षिक योग्यता** | सिभिल इञ्जिनियरिङ्ग विषयमा कम्तिमा प्राविधिक एसएलसी उर्त्तीर्ण, सिभिल इञ्जिनियरिङ्ग बिषयमा डिप्लोमा उत्तिर्णलाई प्राथमिकता | | |
| **वान्छनीय योग्यता तथा अनुभव** | खानेपानी योजना तथा सुरक्षित आवास निर्माण सम्वन्धि कम्तिमा १ बर्षको कार्य अनुभव भएको, अटोक्याटमा तयार गरिएको खानेपानी योजना, भवन, शौचालय आदिको डिजाइन बुझ्ने र सो अनुसार काम गर्न सक्ने, कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान तथा सीप भएको, भुकम्प प्रतिरोधी निर्माण सम्वन्धि ज्ञान भएको र अङ्ग्रेजी भाषामा सामान्य संचार गर्न सक्ने । अनुभवी स्थानीय जिल्लावासीलाई प्राथमिकता | | |
| **विज्ञापन नं. ५/०७३/७४** | **पदः** सामाजिक परिचालक | **संख्याः** १८ | **उमेरः** १८ बर्ष पुरा भै ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० बर्ष ननाघेको) |
| **परीक्षाको किसिम** | तालिम (लिखित, प्रयोगात्मक र अन्तरवार्ता) | | |
| **न्यूनतम शैक्षिक योग्यता** | कम्तिमा एसएलसी उर्त्तीर्ण, कुनै विषयमा प्रविणता पत्र उत्तीर्णलाई प्राथमिकता | | |
| **वान्छनीय योग्यता तथा अनुभव** | राम्रो सहजीकरण सीप भएको, करिब १ बर्ष जति सामाजिक परिचालनका क्षेत्रमा कार्य गरेको, विगतमा रेडक्रसमा स्वयंसेवकको रुपमा कार्य गरेको, थामपाधालप र थामपालकोट गाविसमा स्थायी बसोबास प्रमाण भएको | | |
| **विज्ञापन नं. ६/०७३/७४** | **पदः** सामुदायिक संलग्नता तथा लैङ्गिक समावेशी सहायक (CEA/GESI Assistant) | **संख्याः** १ (महिला) | **उमेरः** १८ बर्ष पुरा भै ४० वर्ष ननाघेको |

| | | | |
|---|---|---|---|
| **परीक्षाको किसिम** | लिखित, प्रयोगात्मक र अन्तरवार्ता | | |
| **न्यूनतम शैक्षिक योग्यता** | कुनै पनि विषयमा दश जोड दुई वा प्रविणता प्रमाण पत्र तह उर्त्तीर्ण, संचार वा जेण्डर विषयमा स्नातकलाई प्राथमिकता, अनुभवी स्थानीय जिल्लावासीलाई प्राथमिकता | | |
| **वान्छनीय योग्यता तथा अनुभव** | राम्रो सहजीकरण सीप भएको, अङ्ग्रेजी र नेपाली दुवै भाषामा कम्प्यूटरमा काम गर्न सक्ने, कम्तिमा १ बर्ष सम्वन्धित क्षेत्रमा कार्य गरेको, अङ्ग्रेजी भाषामा सामान्य संचार गर्न सक्ने | | |
| **विज्ञापन नं. ७/०७३/७४** | **पदः** वरिष्ठ सुचना तथा तथ्याङ्क व्यवस्थापन सहायक | **संख्याः** १ | **उमेरः** १८ बर्ष पुरा भै ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० बर्ष ननाघेको) |
| **परीक्षाको किसिम** | लिखित, प्रयोगात्मक र अन्तरवार्ता | | |
| **न्यूनतम शैक्षिक योग्यता** | कम्प्युटर विज्ञानमा दश जोड दुई तह उर्त्तीर्ण, सूचना प्रविधिमा स्नातकलाई प्राथमिकता | | |
| **वान्छनीय योग्यता तथा अनुभव** | अङ्ग्रेजी र नेपाली दुवै भाषामा सूचना/तथ्याङ्क व्यवस्थापनको काम गर्न सक्ने, कम्प्युटरको एक्सल कार्यक्रम सम्बन्धी एडभान्स सीप भएको, कम्तिमा २ बर्ष सम्वन्धित क्षेत्रमा कार्य गरेको र अङ्ग्रेजी भाषामा सामान्य संचार गर्न सक्ने | | |
| **विज्ञापन नं. ८/०७२/७३** | **पदः** कार्यालय सहयोगी (मेसेन्जर/हेल्पर) | **संख्याः** ४ | **उमेरः** १८ बर्ष पुरा भै ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० बर्ष ननाघेको) |
| **परीक्षाको किसिम** | अन्तरवार्ता | | |
| **न्यूनतम शैक्षिक योग्यता** | माध्यमिक तह अध्ययन गरेको, एसएलसी उत्तीर्णलाई प्राथमिकता | | |
| **वान्छनीय योग्यता तथा अनुभव** | कार्यालय सहयोगीको रुपमा काम गरेको अनुभव भएको, मोटरसाइकलको लाइसेन्स भएको र कार्यालय रहेका न.पा./गाविस चौतारा, मेलम्ची, थामपालाप र थामपालकोटमा स्थायी बसोबास भएकालाई प्राथमिकता | | |

**आवेदनकालागि इच्छुक उम्मेद्वारहरुले तलका बुँदाहरुमा ध्यान दिनु हुन अनुरोध छ :**

- नेपाल रेडक्रस सोसाइटीको वेवपेज www.nrcs.org/vacancy बाट माथि उल्लेखित सबै पदको विस्तृत कार्यविवरण डाउनलोड गर्न सकिन्छ । तसर्थ कार्यविवरण राम्रोसँग अध्ययन गरी एक व्यक्तिले आफू सक्षम रहेको एक पदमा मात्र आवेदन दिनु होला ।
- इमेल पठाउँदा विषयमा विज्ञापन नं. र आवेदन दिन चाहेको पद स्पष्टसँग लेख्नुहोला । साथै एउटा इमेल आइडीबाट एक पटकमा एक जनाको निवेदन र व्यक्तिगत विवरण मात्र संलग्न (अट्याच) गर्नु होला ।
- अपुग कागजात भएका र म्याद नाघेर आएका आवेदनहरु स्वतः रद्द हुनेछन् ।
- सूची संक्षेपीकरणमा छनौट भएका उम्मेद्वारहरुलाई मात्र अर्को सूचना दिई थप परिक्षामा समावेश गराइने छ । कार्यालय सहयोगी पदको अन्तरवार्ता मात्र हुनेछ । सामाजिक परिचालकहरु सामाजिक परिचालन तालिमबाट छनौट गरिने छ भने बाँकी पदहरुको लिखित, प्रयोगात्मक र अन्तरवार्ता हुनेछ ।
- माथिका पदमा नियुक्त हुने कर्मचारीहरुको सेवा सुविधा नेरेसोको भुकम्प प्रतिकार्य कार्यक्रममा व्यवस्था भए बमोजिम हुनेछ ।
- पदावधि ६ महिनादेखि १ वर्षको सम्मको हुनेछ भने कार्यसम्पादन मुल्याङ्कनका आधारमा सेवा अवधि थप हुन सक्ने छ ।
- आवश्यक संख्यामा आवेदन प्राप्त नभएमा वा गर्नु पर्ने काम अनुसार उम्मेदवार सक्षम नलागेमा पुनः विज्ञापन गर्ने वा पद खारेज गर्ने अधिकार शाखामा सुरक्षित रहने छ ।